आइ.एस.एस.एन.: १६८५-४०१२

भाग १ अंक ३ जुलाई-सेप्टेम्बर २००२

# स्ट्रिम

क्षेत्रीय जलचर श्रोतहरुको व्यवस्थापनमा सहयोग

## स्ट्रिम जर्नल

### माछा मार्नेहरु र कृषकहरुको जिविकोपार्जन पद्दतिमा सिकाई र संचार

स्ट्रिमका सहयोगीहरु अष्ट्रेलियन सहयोग, विश्व खाद्य संगठन, नाका र भिएसओ

## विषय सूची


समुदायमा आधारित प्राकृतिक श्रोत व्यबस्थापनः हन मुन एमपिए पाइलट आयोजन १
नग्योन थि हाई एन र वर्नाड एड्रि न

टाम गिअङ्ग लागोन,थुअ थिएन ह्यूमा सहभागितात्मक अनुसन्धान एक अनुभव ४
टोन दयाट च्याट

जीविकोपार्जन विश्लेषणको अनुभव र फाइदा ७
माइकेल रेनाल्डो,ओरल्याण्डो आरकियाज,फरनाडो ग्राभासियो र क्याथरिन डेमेसा

जीविकोपार्जन विश्लेषणमा पिआरए कार्यान्वयनको पाठ पढाई १०
नाग्योन थि थुय

ट्रा ओरिफ समुन्द्री रिजर्भमा जीविकोपार्जन विश्लेषण र पिआरएबाट पाठ सिकाई १२
नाग्योन भेएट भिन्ह

ट्र ा भिन्ह प्रान्तमा गरिएको सहभागितात्मक गरीवी लेखाजोखाको नतिजाको उपयोग १४
लि क्वाङ्गविन्ह

स्टि्र म जर्नल बारे १७

स्टि्र म वारे १८


## टिप्पणी

बेलाबेलामा कुनै विशेष विषय वा घटनालाई जोड दिंदै स्टि्र म जर्नलको विशेष अंक प्रकाशित गर्ने मौका मिल्दछ । नोभेम्बर २००२ मा भियतनामको मत्स्य मन्त्रालयको सापा कार्यालय र स्टि्र मले संयुक्त रुपमा जीविकोपार्जन विश्लेषण सिकाई कार्यशालाको आयोजना गरे । यसको रिपोर्ट www.streaminitiative.org को भरच्यूल पुस्तकालयमा हेर्न सकिन्छ । लङ्ग एन प्रान्तमा भएको त्यस कार्यशालामा प्रस्तुत गरिएका कार्यपत्रहरुमा आधारित रहेर यहां छ वटा लेखहरु प्रकाशित गर्न पाउंदा हामीलाई खुशी लागेको छ । अन्यत्र प्रस्तुत गरिएका लेखहरुलाई स्टि्र मका आगामी अंकहरुमा प्रस्तुत गर्दै जानेछौं ।

यो स्टि्र म जर्नल १(४) को मुख्य विषय सहभागितात्मक जीविकोपार्जन विश्लेषण गर्दा अपनाइने प्रक्रिया र अभ्यास र भियतनाम र फिलिपिन्समा हासिल भएको अनुभवबाट पाठ सिकाई आदी लेखहरुलाई समेटिएको छ । लेखकहरु र भियतनाममा उनीहरुको बस्ने स्थान यस प्रकार छ नगुयोन थि हाई एन र वेर्नाड एनड्रि न(होनमुन), टोन द्याट च्याट (टाम गिएङ्ग लागोन), माइकेल रेनाल्डो, आरल्याण्डो आरकिएजा, फरनाण्डो ग्राभरसियो र क्याथरिन डेमेसा (बोलिनाओ, फिलिपिज्स) र नाग्योन भिएट भिन्ह (ट्रओ रिफ) र लि क्वाङ्ग विन्ह  (ट्रा भिन्ह रहेको छ ।

हामी पहिले छापेका तीनवटा लेखहरु जुन सिविसिआर एममा सिकाई १(३ र ४) (जुलाई- डिसेम्बर २००२) बाट लिएका थिए त्यसमा आभार व्यक्त गर्न चाहान्छौं ।यी लेखहरु सिविसिआरएम श्रोत केन्द्र फिलिपिन्सको प्रकाशनबाट लिइएका हुन् ।

स्टि्र म जर्नलको भाषानुबाद कार्य विस्तारित भैरहेछ र त्यसले आफ्नो प्रभाव देखाउन थालेको छ । स्टि्र मका पहिलेका जर्नलहरु इलिङ्गो भाषामा भरच्यूल पुस्तकालयमा उपलब्ध छन् । जोस्पर कालाउसिन, जसले उत्तरी भियतनाममा बाघे झिगे माछा पालन गरिरहेका कृषकबाट लेखका विषयमा इमेल प्राप्त गरेको थिए, भियतनामी भाषामा स्टि्र म जर्नल पाएपछि उनले त्यस विषयमा जानकारीहरु प्राप्त गर्न सके ।

पढाई आनन्ददायक होस

ग्राम हेलर – स्टि्र म निर्देशक
विलियम साभेज – स्टि्र म सम्पादक

## ह्वोन मुन समुन्द्री संरक्षित क्षेत्र पाइलट आयोजना समुदायमा आधारित प्राकृतिक श्रोत व्यबस्थापनमा

नग्योन थि हाई एन र बर्नाड एड्रि न

### समुन्द्री संरक्षित क्षेत्रको जनसंख्याको चरित्र

समुन्द्री संरक्षित क्षेत्रका छ वटा गाउँहरुमा ५००० भन्दा केही बढी जनसंख्या, जसमा करीव १००० घरधुरी र महिला र पुरुषको संख्या बराबरी जस्तो अवस्थामा रहेको छ। गाउँहरुमा जनसंख्या अव्यबस्थित रुपमा नै रहेको छ (सानो गाउंमा ३० घर र बढीमा ५०० भन्दा बढी रहेको)। यहाँको मुख्य पेशा माछा मार्नु रहेको छ र ८०% घरका प्रमुख व्यक्ति माछा मार्ने काममा संलग्न छन्। विगत ३ वर्षमा यहां मत्स्यपालनको विकास तिव्र रुपमा भएको छ र ३०% घरको मुख्य आर्थिक गतिविधि यो नै हो। अधिकांश गाउँलेहरु आफूलाई मध्यम आर्थिक स्तरका ठादछन्। सापेक्षिक गरीवीको अवस्था एक गाउँदेखि अर्कोमा फरक रहेको छ। यो गाउँको जनसंख्याको १० देखि ५०% सम्म रहेको छ।

सामान्यतया बयस्कहरुको शैक्षिक स्तर आधारभूत मात्र रहेको छ। साक्षरता स्तर सामान्यतया कम नै छ र पुरुषको तुलनामा महिलाहरु बढी साक्षर छन्। धेरै जसो बच्चाहरु विद्यालय गैरहेका छैनन्। पौष्टिक खानाको स्तरबाट हेर्ने हो भने माछा नै मुख्य आहार हो र अन्य कृषि जन्य खाद्य पदार्थ कम नै उपभोग गर्दछन्। करीव आधा जसो घरहरु सामान्य बसोबास गर्न उपयुक्त छन् र केही भने साह्रै नै अविकसित घरहरु छन्। बांकी आधा जसोको घरहरु भने केही विकास गरिएका छन् केही घरहरुमा भने जेनेरेटर छन् र आधा भन्दा केही बढीसंग टेलिभिजन पनि छ। लामो समय सुख्खा लागेमा गाउंमा पानी किनेर खानु पर्छ।



बच्चाहरु कार्यक्रममा भाग लिदै

### मुख्य आर्थिक गतिविधिहरु

सन् २००१ को औसत प्रति व्यक्ति आय ५७ लाख ४० हजार (४लाख ७८ हजार प्रति महिना) भियतनामी डोङ (१अमेरिकी डलर बराबर १५४०० डोङ) रहेको छ र औसत प्रति व्यक्ति खर्च ३६ लाख ८० हजार डोङ प्रति वर्ष रहेको छ। यसमा घरायसी खर्चको आधा रकम खानेकुरामा खर्च हुन्छ। औसत वचत भने आम्दानीको ३६% (१६% गरीव र ४०% धनी)रहेको छ।

माछा मार्ने समुदायलाई डुङ्गा हुने, जो मध्यम र धनी वर्गमा पर्दछन् र माछा मार्ने जो गरीव छन् र भाडामा माछा मार्ने कार्यमा संलग्न गराइन्छन्, गरी विभाजन गर्न सकिन्छ। माछा मार्ने कार्य रातमा गरिन्छ र यसमा मुख्यतय विभिन्न किसिमका ठूला जालहरु र आकर्षण गर्ने बत्तिहरु प्रयोग गरिन्छ। यसको अलवा विष प्रयोग र स्क्यूड फिसिङ पनि गरिन्छ। डुङ्गा मालिकहरुको औसत आम्दानी ४३ हजार देखि ३ लाख ४० हजार डोङ प्रति माछा मारेको दिन हुन्छ भने डुङ्गामा माछा मार्ने ज्यामीहरुको भने १४००० देखि ६६,००० डोङ सम्म हुने गर्दछ।

औसतमा प्रत्येक घरसंग लोवस्टर (Lobster) पाल्नको लागि दुईवटा पिंजडाहरु रहेका छन् र यी पिंजडामा पालिएका लोवस्टर (झींगे माछा) बाट १.५ वर्षमा १,७०,००,००० भियतनामी डोङ सम्म आम्दानी हुन्छ। कृषिमा फलफूल, सिमल तरुल, पशुपालनमा वंगुर, कुखुरा, हांस र खुद्रा व्यापार केही गाउँलेका मुख्य व्यवसाय हुन्।

विभिन्न किसिमका सरकारी ऋण कार्यक्रमहरुले जनसंख्याको ठूलो हिस्सालाई लक्षित वर्ग मानेको छ र ऋण समूह मार्फत व्यक्तिहरुलाई ऋण प्रदान गरिराखेका छन् । समुन्द्री संरक्षित क्षेत्रका करीव ६०% घरहरुले मत्स्यपालनका लागि औसत ४७ लाख भियतनामी डोङ सम्म ऋण प्राप्त गरिसकेका छन् । सन् २००२ को मध्यसम्म ऋण असुली दर पनि निकै माथि (९६- ९७ %) रहेको छ ।

**समुन्द्री संरक्षित क्षेत्रका गाउँलेहरुको धारणामा वातावरणीय मुद्धा**

**सबै गाउंलेहरुले मुख्य तीन वातावरणीय मुद्धाहरुलाई पहिचान गरे-**

१) विगत १० देखि १५ वर्षमा मत्स्य श्रोतहरु तिव्र गतिमा घटिरहेछ

२) मुगा क्षेत्रमा निकै नराम्रोसंग क्षति पुगेको छ र

३) त्यहां प्रदुषण बढी रहेछ ।

गाउँलेहरुले के देखे भने अधिक माछा मार्ने साथै गैह्रकानुनी र क्षति पुऱ्याउने तरिकाले माछा मार्ने (ट्राउलिङ, जालसंगै कडा बत्तीको प्रयोग साइनाइड र डाइनामाइटको प्रयोग) गर्नाले मत्स्य श्रोत घट्दै गइरहेछ । यो अवस्थासंग जुध्न गाउंलेहरुले विभिन्न कार्यहरु गर्नु पर्ने महसुस गरे । यसमा समुन्द्री संरक्षित क्षेत्रलाई गाउँलेहरुमा वितरण गर्ने, गैह्रकानुनी माछा मार्ने प्रक्रियालाई नियन्त्रण गर्न वर्तमान कानुनको पूर्ण पालना गराउने र विशेष क्षेत्र (Zoning) को घोषणा गर्न नयाँ कानुनको व्यवस्था गर्ने सरोकारवाला संस्थाको कार्यदक्षता अभिवृद्धि गर्ने र गतिविधिहरु कार्यान्वयन गर्न गाउंलेहरुलाई सहभागी गराउने, गाउंलेहरुको लागि वातावरण र शैक्षिक कार्यक्रम संचालन र ऋण र आय आर्जन क्रियाकलापहरु कार्यान्वयन गर्ने रहेका छन् । गाउंलेहरुले मुगा नष्ट हुनाको कारणहरु डुङ्गा अड्याउने (लंगर ) (पर्यटक र माछा मार्ने डुङ्गा) मुगा क्षेत्रमा मत्स्य जालको प्रयोग र साइनाइड र डाइनामाइट प्रयोग गरि माछा मार्नु रहेको पहिचान गरे । यसको नियन्त्रण गर्ने उपायको रुपमा डुङ्गा घाटको व्यवस्था गर्ने र त्यसको उचित प्रयोग गर्न गाउँलेहरुलाई सहभागी गराउने कुरा प्रस्तावित गरे ।



गाउलेहरु आफनो धारणा व्यक्त गर्दै

गाउँलेहरुलाई प्रदुषण हुनाको कारणहरुको पहिचान गर्न कुनै अप्ठ्यारो परेन । उनीहरुको आफ्नै गाउँबाट उत्पन्न हुने फोहरहरु, प्रयोग गरिएको तेल पोखिनु, मत्स्य फोहरहरु, मानव मलमूत्र आदि नै प्रदुषणका प्रमुख श्रोत रहेको उनीहरुले पहिचान गरे । प्रस्तावित कार्यहरुमा फोहर मैला व्यवस्थापन प्रणाली अपनाउने, जनजागरण अभियान चलाउने, शिक्षा दिने, गाउंलेहरुलाई निजी चर्पी बनाउन प्रोत्साहित गर्ने, जलचर विकास योजनालाई परिभाषित गरी कार्यान्वयन गर्ने रहेका छन् ।

**सामाजिक मुद्धा**

पिआरए (PRA) गर्दा खेरि गाउँलेहरु सामाजिक सेवा र पूर्वाधारहरु (विजुली र खानेपानी) जसको सुधार आवश्यक छ र बेरोजगार महिलाहरुको मुद्धा पनि पहिचान गरेका थिए । एक पटकको पिआरए मा के पाइयो भने महिलाहरुसंग आय आर्जन गर्न करीव ७०% समय उपलब्ध छ ।

**समुदायको सामाजिक आर्थिक आकांक्षा**

समुदायको सामाजिक आर्थिक आकांक्षा उनीहरुबाट बढी दिगो र फाइदा जनक भनि छनोट गरिएको आर्थिक क्रियाकलाप र लैङ्गिक अवधारणा अनुसार कामको बांडफांड बुझ्न सकिन्छ । समुन्द्री संरक्षित क्षेत्रमा महिला

**र पुरुष दुवैको लागि जलचर पालन प्राथमिकता प्राप्त विकास गरिनुपर्ने क्षेत्र रहेको छ । पशुपालन र माछा मार्ने कार्य कम प्राथमिकताको क्षेत्र रहेको छ ।**

**नग्योन थि हाई एन र वर्नाड एड्रि न आइयूसिएनको होन मुन म्यारिन संरक्षित क्षेत्र आयोजनामा कार्यरत समुदायमा आधारित प्राकृतिक श्रोत व्यवस्थापन विशेषज्ञहरु हुन् र उनीहरुको इमेल** community@honmunmpa.org.vn **रहेको छ ।**

## टाम गिआङ्ग लागुन, थुअ थिएन होअमा सहभागितात्मक अनुसन्धान एक अनुभव

टोन द्याट च्याट

### लागुन (नुनिलो पानीको तलाउ)

भियतनामको थुअ थिए होअ प्रान्तमा रहेको टाम गिअङ्ग लागुनले २२,००० हेक्टर क्षेत्रफल र लम्बाई ६० कि मी भन्दा बढी ओगटेको छ । यस लागुन केहि (नुनिलो पानीको ताल )को पूर्व भाग यसका दुइवटा थुथप एन र टु हिएन नामको मुखले समुन्द्रसंग जोडिएको छ भने पश्चिमी भाग धान खेतहरु नदीका मुखहरुसंग जोडिएको छ । केही बन्द यस लागुनमा कम नुनिलो पानी युक्त जीव परिबृत पद्धति (Ecosystem) रहेको छ । यसमा विविध श्रोतहरु रहेको छ । यी श्रोतहरुले माछा मार्ने समुदायको मानिसहरु, चाहे ती डुङ्गामा बस्ने हुन् वा गाउंमा, लाई जीविकोपार्जनका लागि सहयोग गरिरहेछन् ।




कम गहिरो लागुनमा स्वच्छ र नुनिलो पानीको मिश्रण रहेको छ र मौसम अनुसार नियमित रुपमा यसको नुनिलोपनमा परिवर्तन भैरहन्छ । यसको तल्लो सतह केही फराकिलो छ र अधिकांश ठाउंको गहिराई औसत २ मिटर छ भने कहि कहि ३-४ मिटर सम्म र थुयन एन नेर ७ मिटर भन्दा बढी गहिराई रहेको छ । विगत छ वर्षमा यस लागुनको उपयुक्त क्षेत्रहरुमा जलचर पालनका लागि पोखरीहरुको निर्माण तिव्र गतिमा भैराखेको छ । हाल लागुनको कम गहिराई भएका छेउका भागहरु जलचर पालन क्षेत्रमा परिवर्तन भएका छन् । सरकारी अधिकारीहरुले माछा मारेर जीविका चलाउनेहरुको आम्दानी बढाउन र लागुनका श्रोतहरुको बढी शोषण हुन नदिन जलचर पालन नै मुख्य वैकल्पिक उपाय भएको महसुस गरेका छन् । तर जलचर पालनको यसरी तिव्र विकास भैराखेको छ कि जसले गर्दा प्राकृतिक र सामाजिक वातावरणमा नै यसले गहिरो असर पार्ने देखिन्छ ।

### आयोजना

हुउ कृषि तथा वन विश्वविद्यालय, हुउ विश्व विद्यालय र थुअ थिएन हुउ प्रान्तको मत्स्य विभागद्धारा संचालन गरिएको र अन्तराष्ट्रिय विकास अनुसन्धान केन्द्र (अ.वि.अ.)ले आर्थिक सहयोग गरेको टाम गियाङ्ग लागुनमा जैविक श्रोतहरुको व्यवस्थापन नामको अनुसन्धनात्मक आयोजनाको पहिलो चरण १९९५–२००१ सम्म थियो । यस आयोजनाको विस्तारित अवस्थामा यसको नाम भियतनामको मध्ये भागमा समुदायमा आधारित तटिय श्रोत व्यवस्थापन राखियो र यसमा आर्थिक सहयोग अ.वि.अ.केन्द्रको रहेको छ । यो आयोजना डिसेम्बर २००२ मा शुरु भएर डिसेम्बर २००५ मा समाप्त हुनेछ । यो आयोजनाको दोश्रो चरणलाई कार्यान्वयन गर्ने जिम्मेवारी हुउ कृषि तथा वन विश्वविद्यालय र न्हा ट्राङ मत्स्य विश्वविद्यालय र जलचर अनुसन्धान संस्था नं ३ रहेका छन् ।

### टाम गियाङ्ग लागुनमा सहभागितात्मक अनुसन्धाको प्रयोग

सहभागितात्मक अनुसन्धानले स्थानिय जनतालाई अनुसन्धानका प्रक्रियाहरु जस्तै अवस्थाको जानकारी लिने, समस्या पहिचान गर्ने वैकल्पिक तरिकाबारे छलफल गर्ने, समाधान छान्ने, कार्ययोजना तर्जुमा र कार्यान्वयन, मुल्यांकन गर्ने र नतिजाको प्रचार प्रसार गर्ने, मा सहभागी गराउँदछ । यस सहभागितात्मक अनुसन्धानले टाम

गियाङ्ग लागुनमा क्षेत्रको समुदायको प्राकृतिक पर्यावरणीय प्रणालीको बारेमा अध्ययन गर्ने र बुझ्ने काम गऱ्यो । यसका साथै यसले समुदायको वानी व्यवहार र गतिविधिहरु जस्तै जीविकोपार्जन पद्धति, जलचर पालन योजनाहरु, इलेक्ट्रिक फिसिङ उपर प्रतिबन्ध र जलचर व्यवस्थापनमा सुधारको अध्ययन ग-यो । यस किसिमको प्रयोगात्मक अनुसन्धान पद्धतिबाट जीविकोपार्जनको विविधिकरण जस्तै कृषि र जलचर पालनका क्रियाकलापहरु सूर्ती खेती, खुसार्नी, बदाम, मुगविन, पिजडामा माछापालन, धानखेतमा माछापालन आदिको त्यस क्षेत्रमा के कस्तो अवस्था छ भन्ने कुरा अध्ययन ग-यो ।

टाम गियाङ्ग लागुन समुदायमा रहेका तुरुन्तै समाधान गर्नुपर्ने समस्याहरुलाई सम्बोधन गर्न सहभागितात्मक अनुसन्धान आयोजनाले संभव बनायो । त्यहां तुरुन्तै समाधान गर्नुपर्ने समस्याहरुमा श्रोतहरुको प्रतिस्पर्धात्मक उपयोग, जलचर पालनबाट बढी उत्पादन लिन योजना तयार गर्ने, आयोजनाका उपलब्धिहरुको उपयोग गर्ने र आर्थिक श्रोतहरुको परिचालन गर्नुपर्ने रहेका थिए ।

## सहभागितात्मक अनुसन्धानको फाइदाहरु

स्थानिय ज्ञानबाट गाउँलेहरुले समुदायमा रहेका समस्याहरुको पहिचान गरी समुदाय व्यबस्थापन प्रक्रियाबाट समाधान गर्न सक्ने भए । सहभागितात्मक अनुसन्धानले समस्या समाधानमा बाहिर पारिएका मानिसहरु जस्तै महिलाहरु र गरीवहरु, कम जागरण भएकाहरु आदीको पनि सहभागितालाई निश्चितता प्रदान गर्दछ । सहभागितात्मक अनुसन्धानले स्थानीय जनता र बाहिरका मानिसहरुलाई संगसंगै काम गर्ने अवसर प्रदान गर्दछ । यसले समुदाय, स्थानीय अधिकारीहरु र अनुसन्धान कर्ताहरुको क्षमता अभिवृद्धिमा सहयोग गर्दछ । अनुसन्धानमा विभिन्न किसिमका सरोकारवालाहरुको सहभागिताले गर्दा विभिन्न विद्यामा विश्लेषण गर्न सकिने भएकाले अनुसन्धानको नतिजा बढी विश्वासिलो, प्रभावकारी, व्यवहारिक र सन्तुलित किसिमको हुन्छ । सहभागितात्मक अनुसन्धानले स्थानीय अधिकारीहरुलाई गाउंहरु र उनीहरुको जीविकोपार्जनका रणनीतिहरु, उद्देश्यहरु बुझ्न र यसको आधारमा बढी लचकदार, व्यवहारिक र प्रभावकारी समाधानका उपायहरु र क्रियाकलापको विकास गर्न मद्दत गर्दछ । यसले उनीहरुलाई सामुदायिक श्रोतहरु व्यवस्थापनमा बढी खुला धारणा बनाउन मद्दत गर्दछ ।

### अप्ठ्याराहरुको सामना

शुरुमा मानिसहरुले यसलाई अनुसन्धानात्मक क्रियाकलापको सट्टामा दातृ सहयोगको आयोजना हो भन्ने धारणा राखेका थिए र यसबाट उनीहरुले आर्थिक सहयोगको अपेक्षा गरेका थिए । कर्मचारीहरुले समुदायका सदस्यहरुलाई आयोजनाको उद्देश्यहरुका बारेमा बताउनुपर्ने पत्ता लगाएका थिए । अन्य सामना गरिएका अप्ठ्याराहरुमा

१. सहभागितात्मक अनुसन्धान पद्दतिमा शुरुमा नै गाउंलेहरुसंग राम्रो सम्बन्ध कायम गर्न प्रयास गर्नुपर्छ
२. स्थानिय अधिकारीहरुलाई प्राय जसो सहभागितात्मक अनुसन्धान पद्दति र तरिकाहरु बारे थाहा हुंदैन
३. सहभागितात्मक अनुसन्धानमा अनुसन्धानकर्ताहरुले नयाँ सिप सिक्नु जरुरी हुन्छ ।
४. त्यहां राम्रो अनुभव र नमुनाको अभाव हुन्छ
५. सहभागितात्मक अनुसन्धानलाई अनौपचारिक रुपमा हेरिन्छ जसले गर्दा विश्वसनियताको प्रश्न उब्जन्छ ।
६. सहभागितात्मक अनुसन्धानमा एउटै प्रश्नको विभिन्न उत्तर प्राप्त हुन सक्दछ ।
७. परिमाणात्मक सहभागितात्मक अनुसन्धानबाट संकलन गरिएको परिमाणात्मक तथ्यांक सही नहुन सक्छ ।

### अनुसन्धानको नतिजा प्रसार गर्दा सिकिएको पाठ

सहभागितात्मक अनुसन्धानको नतिजाको प्रसार प्रचार कार्यशाला गोष्ठि र वैठकहरु विभिन्न तह जस्तै समुदायको समूह, कम्यून, जिल्ला, प्रान्त, राष्ट्रिय स्तर र अन्य सम्बन्धित अनुसन्धान समूहमा संचालन गरि गर्न सकिन्छ । यसका लागि संचारका विभिन्न माध्यमहरु जस्तै रेडियो, पत्रपत्रिका, टेलिभिजन, डकुमेन्ट, तालिम सामाग्री आदिको उपयोग गर्न पनि सकिन्छ । उदाहरणको लागि जलचर विकास अनुसन्धानको नतिजाको प्रचार

प्रसारको लागि गाउंलेहरुलाई सहभागी गराई उनीहरुले बुझ्ने किसिमले नक्शा, चित्रहरु, तथ्यांक तालिका तयार गर्न सकिन्छ । जसले गर्दा स्थानिय सरकारी अधिकारी र गाउंहरुले यसलाई योजना बनाउंदा प्रयोग गर्न सक्दछन् ।

नतिजालाई प्रचार प्रसार गर्न प्रयास गर्दा हामीले तरिकाहरु, पृष्ठपोषण प्राप्त गर्ने र नतिजालाई परिमार्जन गर्ने तर्फ ध्यान पुयाउनु पर्दछ । राम्रो प्रचार प्रसार कर्ताले मात्र अनुसन्धानको नतिजालाई नमूनाको रुपमा विकास गर्न सक्छ ।

टोन द्याट च्याट हुउ कृषि तथा वन विश्वविद्यालयका मत्स्य विभागका प्रमुख हुनु हुन्छ र उहांको इमेल Lagunhue@dng.vnn.vn रहेको छ ।

# जीविकोपार्जन पद्दतिको विश्लेषणको अनुभव र फाइदा

माइकेल रेपनाल्डो, ओर्लाण्डो आर्किगा,फरनाण्डो ग्राभाकिओ र क्याथरिन डिमेसा

## असफल जीविकोपार्जन आयोजना र बुझाई

"म एक माझी हुं तर म माछा बेच्ने मान्छे होइन" जेसेम गावाटिनले उनीहरुको संस्थाको मासु प्रसोधन आयोजना ध्वस्त हुनाको कारण बताउँदै यो कुरा भनेका हुन् । उनी माझीहरुको संस्थाका प्रमुख व्यक्ति भएकाले असफल जीविकोपार्जन आयोजनाको ठूलो बोझ उनी माथि रहेको छ । उनको कथा कुनै नौलो होइन । फिलिपिन्सको ५५ ठाउँमा गरिएको समुदायमा आधारित तटिय श्रोत व्यवस्थापन कार्यक्रमको अध्ययनमा सडकहरु असफल जिविकोपार्जन आयोजनाहरुद्धारा फोहर गरिएको पाइयो (हरिवन फाउण्डेसन २००२) । ५५ मध्ये ५३ वटा ठाउँमा क्षमता अभिवृद्धिसंगै जीविकोपार्जन विकास एक अंश रहेको थियो । यसको पछाडिको विचारमा प्रतिघर आम्दानी बढाउने, खाद्य सुरक्षा र माछा मार्ने चापलाई घटाएर श्रोतको पुनस्थापना गर्नु र राम्रो बनाउनु थियो तर अधिकांश संस्थाहरु श्रोतहरुको व्यवस्थापन र समुदायलाई परिचालन गर्न उचित ध्यान नदिदा माझिहरुका लागि आय आर्जन गर्न असफल भई अप्ठ्यारामा परेका छन् । माझीहरुको जीविकोपार्जनमा बढी जोड दिइएको थियो जुन क्षेत्रमा उनीहरुको चाहाना र क्षमता थिएन । जिविकोपार्जन आयोजनाहरु माझीहरुलाई माछा मार्ने कार्यबाट अलग्याउन सक्ने खालका ठूला थिएनन् । यि सबै कारणले गर्दा ती साना व्यवसायहरु असफल भए ।

वितेका केही वर्षहरुमा संस्थाहरुले सामाजिक र भौतिक वातावरणका वीचको जटिल र बहु आयामिक सम्बन्धका बारेमा बुझ्ने कोशिस गरे । यो कुरालाई विशेष गरि जिविकोपार्जन पद्दतिका रणनीतिहरुमा कठिन अवस्थाहरुसंग सम्बन्धित गरेर हेरे । सहभागितात्मक तरिकाहरुमा आधारित रहेर तटिय श्रोत व्यवस्थापन प्रयोगकर्ताहरुले मानिसको जीविकोपार्जन पद्दतिमा असर गर्ने विभिन्न तत्वहरु र उपलव्ध विकल्पहरु समेत राम्रोसंग बुझ्ने कोशिस गरे ।

फिलिपिन्सको एक गैरसरकारी संस्था हरिवोन फाउडेसनले तटिय समुदायहरुमा काम गर्दा समुदायमा आधारित रहेर तटिय जीविकोपार्जन पद्दतिको विकास अनुगमन र मुल्यांकनका तौर तरिकाहरुको विकास गर्ने अनुभव संगाल्न सकेको छ ।

## अनुभवबाट सिक्ने

सन् १९९५ मा हरिवोन र दुईवटा शैक्षिक संस्थाहरुले संयुक्त रुपमा अन्तराष्ट्रिय विकास अनुसन्धान केन्द्रको आर्थिक सहयोगमा बोलिनाओ, पानगासिनानमा तटिय समुदायको सहभागितामा समुदायमा आधारित तटिय श्रोतहरु व्यबस्थापनको अध्ययनको शुरुवात गरे । प्रथम खण्डको अन्त १९९७ सम्ममा वातावरणीय शिक्षा, समुदाय संस्था र यसको परिचालनको प्रयत्नले ५ वटा जनताका संस्थाहरु निर्माण हुन सके । यि जनताका संस्थाहरुले तटिय विकासको बाटोलाई सफलतापूर्वक सहयोग पुऱ्याएर र आफूद्धारा संचालित भएर केही प्रगति गरे । तर संस्थागत समस्याको दलदलमा फस्नाले उनीहरु आफ्नो काममा असफल भए ।

कमजोर उपलब्धि हुनमा सबैभन्दा ठूलो कमजोरी चाहिं सबै जिविकोपार्जन आयोजनाहरुको कार्यान्वयनमा रहेको थियो । उनीहरुले के महसुस गरे भने जनसहभागिताको मात्रामा आयोजनाहरु सफल वा असफल हुने सम्भावना हुन्छ । जिविकोपार्जन विकास कार्यक्रमहरुले पहिले नै तयार गरिएका सहकारीहरुको सट्टामा साधारण व्यवस्थापनलाई बढी जोड दिने र समेट्नु गर्नुपर्छ ।

पहिलो अनुभवबाट हरिवोन र समुदायले उपयुक्त जिविकोपार्जन कार्यक्रमहरुको तर्जुमा गर्दा त्यहांको अवस्थाको बारेमा राम्रोसंग बुझ्नु जरुरी हुन्छ भन्ने महसुस गरे । उनीहरुले पारिवारिक स्तरमा गुजाराका आधारभूत श्रोत र तरिकाहरु, दिगो जिविकोपार्जको र मत्स्य श्रोत व्यवस्थापनका लागि आवश्यकीय तेस्रो र ठाडो अन्तरसम्बन्धका बारेमा जान्न चाहेका थिए । उनीहरुले श्रोत व्यवस्थापनका विकल्पहरु कार्यान्वयनका लागि आवश्यक पर्ने सामाजिक, सांस्कृतिक र आर्थिक तत्वहरुका बारेमा पनि हेरे । यसका साथै जिविकोपार्ज, श्रोत व्यवस्थापन र समर्थन क्रियाकलापहरुलाई सक्रियता पूर्वक व्यवस्थापन गर्न के कस्तो संस्था चाहिन्छ भन्ने पत्ता लगाउन पनि चाहे ।

तीन वर्षसम्म काम गर्दा उनीहरुले प्रभावकारी सामुदायिक संस्थाको गठन र जिविकोपार्जन विकास गतिविधिहरुद्धारा समुदायको दिगोपनको लागि काम गरे । उनीहरुले बढी समसामयिक व्यवस्थापन इकाई, जिविकोपार्जन गतिविधि छनौट गर्न र कार्यान्वयन सिद्धान्तलाई बढावा दिने, व्यक्ति र समूहको क्षमता अभिबृद्धि र राम्रो दिगो तरिकाको प्रयोग गरे । यसमा ग्रामिण वैज्ञानिक जसले जिविकोपार्जन गतिविधिहरु र सामाजिक आर्थिक र सांस्कृतिक अवस्थाको सूचनाहरु संकलन गर्ने र विश्लेषण गर्ने गर्छन्, बनाउन समुदायका नेताहरुलाई तालिम दिलाइयो । यी नेताहरु अन्तत स्थानीय समुदाय परिचालक र हरिवोनका कर्मचारीहरुका सहयोगी पनि बने ।

जिविकोपार्जन विश्लेषण र संगठनात्मक कार्य नतिजा स्वरुप भिक्टोरिया गाउँका माझीहरुले तयार गरेको जिविकोपार्जन विकासको अवधारणागत मोडलको विकास भयो । दिगो एकिकृत एक्वा फार्म विकास यसले जमिन र समुन्द्रमा आधारित जिविकोपार्जन आयोजनामा दिगो कोषको पनि व्यवस्थापनको शुरु गऱ्यो । उनीहरुले वातावरणीय ट्रष्ट कोषको पनि व्यबस्थापन गरे यसले उनीहरुले उपयुक्त वातावरणमा उनीहरुको श्रोत व्यवस्थापन कार्यक्रमलाई दिगोपन दिन मद्दत गऱ्यो ।

**जीविकोपार्जन विश्लेषणको फाइदाहरु**

जीविकोपार्जन विश्लेषणले गरिवी र यसको कारणहरुको बारेमा उनीहरुको सोचाइमा स्पष्टता ल्याई दियो र उनीहरुलाई विश्लेषण गर्न, कार्यक्रम बनाउन, कार्यान्वयन गर्न र मुल्यांकन गर्न पथ प्रदर्शन गऱ्यो । स्थानीय ज्ञानलाई प्रयोग गरेर उनीहरुले विस्तृत बढी जानकारी मूलक अवधारणासाथ जनताका जीविकोपार्जन पद्दतिको प्राथमिकतामा मिल्ने गरि उपलब्ध अवसरहरु र तिनीहरुको प्रभावलाई बुझ्न र ग्रहण गर्न सके । यसले उनीहरुलाई जनता र उनीहरुको प्राथमिकतालाई स्पष्टता साथ केन्द्रमा राखेर विश्लेषण गर्न र उद्देश्यहरु निर्धारण गर्न सक्षम गरायो । विशेष गरि जीविकोपार्जन विश्लेषणले बढी जिम्मेवारीपूर्ण जीविकोपार्जन कार्यक्रमहरुको शुरुवात गर्न सहयोग गर्ने तत्वहरुलाई एकै ठाउंमा ल्याउन सहयोग ग-यो ।

**सन्दर्भ र सम्बन्ध हेर्नु-** यसले तत्वहरु जसले समस्या वा अवसर प्रदान गर्छ तिनीहरुलाई पहिचान गर्न र तिनीहरु वीचको अन्तरसम्बन्ध जान्न सहयोग गर्छ ।

**जीविकोपार्जन रणनीतिहरुको मिलन वा द्धन्द पहिचान गर्नु**

नयां कार्यक्रमहरु र मानिसको जीविकोपार्जन प्राथमिकताहरु वीचको मिल्दोपनलाई बढावा दिनुपर्छ र द्धन्दपनलाई घटाउनु पर्छ । यसले गर्दा सकरात्मक परिवर्तनहरुलाई सहयोग गर्ने र नकारात्मक परिवर्तनहरुलाई घटाउने तरिका बुझ्न र सिक्न सहयोग गर्दछ ।

**नविन पद्दतिलाई प्रोत्साहन**

उपभोक्ताहरुलाई उपलब्ध सम्पत्ति र पूंजीको संयुक्त प्रयोग वा प्रतिस्थापनद्धारा चाहेको परिणाम प्राप्त गर्न जागरुक हुन र सोच्न प्रोत्साहन गर्नुपर्छ ।

**आयोजना तर्जुमामा विकास गर्न विचारहरु पैदा गर्नु**

जीविकोपार्जन विश्लेषणले पारिवारिक र तटिय समुदायको प्रणालीलाई व्याख्या र विश्लेषण गर्न उपयुक्त तरिका प्रदान गर्दछ । यसले समुदायले आफ्नो उद्देश्य हासिल गर्न ग्रहण गरेको रणनीतिहरुलाई बुझ्न र जीविकोपार्जन रणनितिहरुलाई सक्रियपूर्वक संयोजना गर्न सहयोग गर्दछ ।

**वृहत र सुक्ष्म वीचको फरकलाई जोड्ने**

वृहत तहको नीतिहरुको महत्व र तिनीहरुले समुदायको जीविकोपार्जनका विकल्पहरुमा पार्ने प्रभावलाई प्रकाश पार्नु पर्छ । यसले स्थानिय स्तरमा सिकीएको पाठ र अनुभवहरुलाई उच्च तहको नीति निर्माण र योजना तर्जुमा गर्दा उपयोग गर्नुपर्ने कुरामा जोड दिन्छ ।

**जीविकोपार्जन  र श्रोत व्यबस्थापनलाई सम्बन्धित गर्न जोड दिनु**

वैकल्पिक जीविकोपार्जन आयोजना, जुन राम्रोसंग तयार गरिएका हुदैनन्, को सट्टामा तटिय वासिन्दाको जीविकोपार्जनमा सहयोग गरिरहेका श्रोतहरुको व्यवस्थापनमा पहिले जोड दिनुपर्छ। श्रोत व्यवस्थापनले जीव - भौतिक वा प्राकृतिक श्रोतलाई बढाउनुको साथै जीविकोपार्जनलाई दिगो बनाउन पनि मद्दत गर्छ । तटिय वासिन्दाको लागि समुन्द्र बाँच्ने आधारको साथै उनीहरुको दिगो जीविकोपार्जन दृष्टिकोणको एक शशक्त तत्व पनि हो ।

**सन्दर्भ**

हरिवोन फाउनडेसन २००२, समुदायमा आधारित तटिय जीविकोपार्जन विकासको तौर तरिका, अनुगमन र मुल्यांकन सारांस रिपोर्ट १९९९-२००१ पानगासिनान फिलिपिन्स : हरिवोन फाउडेसन

माइकेल रेपनाल्डो सिविसिआरएमका संजाल समन्वयकर्ता हुन र उनको इमेल mikereynaldo@cbcrmlearning.org छ । ओर्लाण्डो आर्किगा,फरनाण्डो ग्राभाकिओ र क्याथरिन डिमेसासिविसिआरएम टिममा कार्यरत छन् र उनीहरुको इमेल science@haribon.org.ph छ।

# जीविकोपार्जन विश्लेषणमा पिआरए कार्यान्वयनको अनुभव

–नगुएन थि थुय

## भियतनामी सन्दर्भमा पि आर ए

सहभागितात्मक ग्रामिण विश्लेषण (पिआरए) समुदायको जीविकोपार्जन अध्ययनको एक तरिका हो । जीविकोपार्जन अध्ययन भियतनामका विकास कार्यक्रम र आयोजनाहरुमा वृहत रुपमा प्रयोग गर्न शुरु गरिएको छ । पिआरएको सबल पक्ष के छ भने यसले किसानहरुलाई अनुसन्धान प्रक्रियाहरुमा सहभागिताको अवसर प्रदान गर्दछ र उनीहरुलाई सूचना जानकारी प्रदान गर्दछ र उनीहरुलाई सूचना जानकारी प्राप्त गर्न र बुझ्न सहयोग पुग्छ । पिआरएका सहभागीहरुले शुरुदेखि सहभागी हुनाले नयां प्रक्रिया र तरिका बारे सिक्ने मौका पाउंदछन् । यसले गर्दा आफू बसेको र काम गरिरहेको अवस्था बारेमा जानकारी हुने, समुदायका समस्याहरुको पहिचान गर्ने र समस्या समाधानका उपायहरु पत्ता लगाउन आयोजनाहरु तयार गर्न र कार्यान्वयन गर्न समेत राम्रोसंग बुझ्ने अवसर प्राप्त हुन्छ ।

भविष्यमा किसानहरु आयोजनाको कार्यान्वयन र मुल्यांकन प्रक्रियामा बढी शशक्त रुपमा सहभागी हुन सक्नेछन् । त्यसकारण सफल विकास आयोजना बन्न पिआरए लाई सफल बनाउनु पर्छ । तर सहभागितात्मक जीविकोपार्जन विश्लेषण पद्धति वृहत रुपमा प्रयोग गरिएको चाहिं हालैका वर्षहरुमा मात्र हो । तर धेरै संस्थाहरु विशेष गरि भियतनामीहरुले यसलाई अपनाएका छैनन् । त्यसकारण यस सम्बन्धमा अझै धेरै पाठ सिक्ने अवसरहरु छन् ।

## पि.आर.ए. कार्यान्वयन

पि.आर.ए. क्षमता अभिवृद्धि वा तालिमका विषयहरु तयार गर्दा र योजना बनाउंदा, उद्देश्यहरु निर्धारण गर्दा उपयुक्त प्रक्रियाहरु, क्रियाकलाप र तरिका विकास गर्दा र पूर्व कार्यान्वयनको र वास्तविक अनुसन्धानको निश्चित समयावधि निर्धारण गर्दा ध्यान दिनु पर्छ । पि.आर.ए. टोली बनाउँदा सरोकारवाला सबैलाई सहभागी गराउन सकिने किसिमले बनाउनुपर्छ । एकपटक टोलीका सदस्यहरुको छनौट भैसकेपछि दिएको काम सफलतापूर्वक गर्नको लागि सहभागितात्मक जीविकोपार्जन विश्लेषणको अनुभव भएका साथीहरुले टोलीसंग काम गर्नु राम्रो हुन्छ । पि.आर.ए. कार्यान्वयन गर्दा किसानहरुलाई फुर्सद भएको बेलामा गर्नु पर्दछ ।



कृषकहरुसंग छलफल गरेको विषयहरु टिपोट गर्दै जानुपर्छ जसले गर्दा शुरुमा समुदायको धारणा बुझ्न सजिलो हुन्छ । टोलीले स्थानीय चालचलन रितिरिवाज सिक्न र बुझ्न चाहिंदो मात्रामा समय छुट्याउनु पर्छ । उनीहरुले राम्रोसंग पि.आर.ए.को उद्देश्यहरु, प्रक्रियाहरु, तरिकाहरु बारेमा किसानहरुलाई बुझाउनु पर्छ जसले गर्दा समुदायका मानिसहरुले राम्रोसंग सहभागी भएर आवश्यक जानकारीहरु दिन सक्छन् । टोलीले कृषकहरुलाई अनुसन्धान प्रक्रिया संचालन गर्न र सिक्ने अवसर प्रदान गर्न कार्य शुरु गर्न आवश्यक निर्देशनहरु दिन सक्छन् । पि.आर.ए. २ देखि ३ क्षेत्रहरुमा कार्यान्वयन गर्नु पर्दछ ।

अनुसन्धान सबै ठाउंमा एक पटक वा एक ठाउं पछि अर्को ठाउं जसरी गरिएको भएपनि संकलन गरिएको सूचना जानकारी तथा तथ्यांकहरुको सत्यता कायम गर्न बढी ध्यान पुऱ्याउनु पर्दछ । यदी टोलीलाई विभाजन गरेर सानो सानो टोली बनाउनु पर्ने भएमा प्रत्येक टोलीमा पि.आर.ए. गर्न जान्ने व्यक्तिलाई समावेश गरिएको हुनुपर्दछ । टोली नेताले प्रक्रिया र प्राप्त भैरहेका नतिजाहरुको अनुगमन गर्नुपर्छ । सुझावहरु तयार गर्नुपर्छ र यसमा आवश्यकता अनुसार परिमार्जन पनि गर्नुपर्छ । जानकारीहरु र तथ्यांक संकलन र परिक्षण गर्न प्रशस्त समय हुने किसिमले अनुसन्धानको समय राख्नुपर्छ । तर टोलीका सदस्यहरु अन्य काममा संलग्न हुने गरेर अधिक लामो समय पनि राख्नु हुन्न ।



भेन डायग्राम वनाउँदै

प्रक्रियाको तर्जुमा छनोट र पि.आर.ए. तरिकाहरुको संख्या निर्धारण गर्दा बढी ध्यान दिनु पर्दछ। समुदायका सदस्यहरुलाई लगातार सहभागी हुनलाई छुट दिनु पर्दछ। समुदायबाट संकलन गरिएका जानकारीहरु सत्य छन् वा छैनन् भनि सही तरिकाबाट जांच्नुपर्दछ। पि.आर.ए. सकिएपछि पनि टोलीका सदस्यहरुले किसानहरुसंग सम्पर्क गरिराख्नु पर्छ र प्राप्त भएको नतिजाको बारेमा जानकारी दिनुपर्दछ।

**पि.आर.ए. तरिका सम्बन्धि हेराइ र फाइदा**

भियतनामको लागि पि.आर.ए. नयां तरिका भएतापनि यस प्रतिको हेराई भने सकारात्मक नै छ। तल्लो तहमा गरिवी निवारण कार्यमा संलग्न केही सरकारी निकायहरुले पि.आर.ए.को प्रयोगको शुरुवात गरिसकेका छन्। हालसालै सरकारद्धारा तल्लोतहमा प्रजातान्त्रिकरण गर्न जारी गरेको कानुनले पनि गरीव समुदायको आवश्यकतालाई पहिचान गर्न र त्यस अनुसार कार्य गर्न आवश्यक पर्ने सूचना जानकारी संकलन गर्न सहभागितात्मक तरिकालाई जोड दिएको छ।




आवश्यकता पहिचान

उपयुक्त सामुदायिक आयोजना बनाउन र स्थानीय जनतासंग सम्बन्ध स्थापित गर्न सुमा (SUMA'S) को कार्यले पि.आर.ए. बाट फाईदा उठाउन सक्छ। यदि प्राविधिक कर्मचारीहरु र सामुदायीक विकास कार्यकर्ताहरु साथै सबै साथीहरुले पि.आर.ए. का तरिकाहरुलाई राम्रोसंग बुझ्न र कार्यान्वयन गर्न सके भने पि.आर.ए. नै जनताका समस्याहरु बुझ्न सवैभन्दा उपयुक्त तरिका हो भन्ने अनुभव बाट थाहा भयो।

नगुएन थि थुय सामाजिक आर्थिक विशेषज्ञ हुन र उनको इमेल ntthuy.suma@fsps.com.vn रहेको छ।

## ट्राओ रिफ समुन्द्री संरक्षणमा जीविकोपार्जन विश्लेषण र पिआरए गर्दा सिकिएको पाठ

नगुएन भिएल्ट भिन्ह

### स्थानीय व्यवस्थापन र समुदाय जीविकोपार्जन

अन्तराष्ट्रिय समुन्द्रीजीव मैत्री (आई एम ए) भियतनामले खान्ह होअ प्रान्तको भान निन्ह जिल्लामा भरखरै स्थानिय व्यवस्थापनमा ट्राओ रिफ मेरिन रिजर्भ स्थापना गर्न सजिलो पारिरहेछ । यो आयोजनाले स्थानिय जनतालाई तिनीहरुको तटिय श्रोतहरु (तटिय मुगा र सम्बन्धित इकोसिष्टम) को व्यबस्थापन र संरक्षण गर्न सहयोग गर्ने उद्देश्य राखेको छ । यसमा जनताहरुले दिगो समुन्द्री खेती र माछा मार्ने तरिकाको प्रयोग गर्ने र आफ्नो आर्थिक सामाजिक अवस्थाको विकास र सुधार गर्ने रहेको छ ।

समुन्द्री संरक्षण संस्थाको हैसियतले आइएमए ले स्थानीय जनतालाई संरक्षण प्रयत्नको केन्द्रमा राखेको छ र आयोजनाहरु सफल हुनको लागि स्थानीय समुदायलाई आर्थिक सामाजिक विकास गर्ने अवसर उपलब्ध गराउनु पर्दछ भन्ने कुरालाई बढी जोड दिएको छ । चेतना अभिवृद्धि क्रियाकलाप र सहभागितात्मक ग्रामिण विश्लेषण (पिआरए) ले गर्दा स्थानिय जनताले समुन्द्री संरक्षणले उनीहरुको मत्स्य र जलचर पालनमा आधारित जीविकोपार्जनमा पर्ने प्रभाव बारे थाहा पाए जसको नतिजा स्वरुप उनीहरुले समुन्द्री रिजर्व स्थापना गर्ने प्रस्ताव गरे । यसकारण उनीहरुको विशेष गरि समुन्द्री किनार नजिक माछा मार्नेहरुको जीविकोपार्जनमा यसले आंशिक रुपमा भनेपनि प्रभाव पार्छ भन्ने महसुस भएको थियो । हाल आयोजना क्षेत्रमा जीविकोपार्जन र संरक्षण मुद्धाहरु यसरी राखिएका छन् ।

- समुन्द्री जीवपालन विशेष गरि लोवस्टर पालन सफल हुन सकेन । यसले गर्दा ५०० घरधुरीका करीव १०,००० मानिसको आर्थिक अवस्थामा नकरात्मक असर प-यो ।
- तटिय श्रोतहरु तिव्रगतिमा ह्रास भैरहेको छ । जसले गर्दा माछा मार्ने काम कठिन भैरहेको छ ।
- सिमसार क्षेत्रको बैज्ञानिक उपयोग हुन नसक्दा स्थानीय जनताको जीविकोपार्जनको वैकल्पिक बाटोहरु अवरुद्ध भैरहेका छन् ।
- स्थानीय जनताहरु गरीव छन् र कामका अवसरहरुको अभाव बढी रहेछ ।

### जीविकोपार्जन क्रियाकलापमा आइएमए को विचार

जीविकोपार्जनका मुद्दाहरु सधै प्राकृतिक श्रोतहरुमा पहुचसंग सम्बन्धित रहेका हुन्छन् र यो कुरा सामाजिक-आर्थिक अवस्थामा भर पर्ने भएकाले सामाजिक स्विकृति पनि चाहिन्छ । जीविकोपार्जन क्रियाकलापहरु जहिले पनि जनोउन्मुख र समुदायमा आधारित हुनुपर्दछ । सबै मानिसका लागि आफू पूर्ण रुपमा सहभागी हुने र प्राप्त फाइदा पनि समान रुपले प्राप्त गर्न सक्ने अवस्था सृर्जना गर्नु पर्दछ । मानिसहरुलाई आयोजनाको शुरुवात देखि नै मुद्धाहरुमा छलफल गर्न र बुझ्न प्रक्रियाहरु लागु गर्न र मुल्यांकन गर्नमा सहभागी गराउनु पर्दछ । आइएमए को जिविकोपार्जन विचारलाई यसरी परिभाषित गर्न सकिन्छ ।

### हालको जीविकोपार्जनलाई चालु राख

ट्राओ रिफ मेरिन रिजर्भ संरक्षणका लागि मात्र आवश्यक नभएर भैरहेको पानीको क्षेत्रलाई प्रयोग गरि पिंजडामा लोवस्टर पालन गर्न समुन्द्री ढालको काम पनि गर्दछ । ट्राओ रिफको विग्रंदो अवस्थाले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा स्थानिय समुदायको जिविकोपार्जनमा प्रभाव पार्दछ । हालको जिविकोपार्जनलाई दिगो विकास तर्फ सुधार गर्नु, बढी घनत्व, ताजा खानाको प्रयोग र उपयुक्त प्रविधिको अभावले गर्दा लोवस्टर र मिठो शंखे किरा पालन आलोचित भएको छ । लोवस्टर पालनको सामाजिक-आर्थिक र वातावरणीय प्रभाव अध्ययनको नतिजा र सुझावहरु स्थानीय जनता र अधिकारीहरुलाई दिनु पर्छ जसले गर्दा जलचरपालन र वातावरणमा आवश्यक सन्तुलन कायम गर्न उनीहरु जागरुक हुन्छन् ।

**नयां वातावरण अनुकुल जिविकोपार्जन वैकल्पिक विकास गर्नु**

वातावरण अनुकुल जीविकोपार्जनका अवसहरु बारे छलफल गर्न समुन्द्री संरक्षित क्षेत्रबाट प्रभावित र वढी जोखिममा परेका महिला र माझिहरुको गरिव समूहलाई लक्षित गरि जिविकोपार्जन फोरम गठन गरियो । त्यो फोरमले जिविकोपार्जनको लागि उपयुक्त कार्यक्रमहरु जसको लागि कम पूंजी चाहिन्थ्यो र त्यसले गरीवहरुलाई प्रत्यक्ष फाइदा प-ुयाउंथ्यो, लाई कार्यान्वयनको लागि छनौट ग-यो ।

## पाठ सिकाई

- तटिय ग्रामिण क्षेत्रमा जहां द्वन्दहरु भैरहन्छ, त्यहां प्राकृतिक श्रोतहरु उपर पहुंच र जिविकोपार्जन मुद्धाहरु वीचमा सन्तुलन कायम गर्नु चुनौतिपूर्ण हुन्छ । त्यहां सामाजिक मुद्धाहरु पनि हुन्छन् र तिनीहरुलाई केवल समुदायको सहभागिता र स्थानिय निकायको समन्वयमा समाधान गर्न सकिन्छ जिविकोपार्जनसंग सम्बन्धित सवै क्रियाकलाप र सूचनाहरु पारदर्शी बनाउनु पर्छ र स्थानिय जनतासंग छलफल गर्नुपर्दछ । यसले गर्दा स्थानिय जनताले समस्या समाधानको उपाय र क्रियाकलाप आफैले छान्न सक्छन् । यि क्रियाकलापहरुको जानकारी स्थानीय निकाय र सरकारी पदाधिकारीहरुलाई पनि दिनु पर्दछ जसले गर्दा उनीहरुले आवश्यक परामर्श प्रदान गर्ने र नीतिगत सहयोग प्रदान गर्न सक्दछन् ।
- चेतना र जागरण अभिवृद्धि क्रियाकलापहरुलाई आयोजनाका अरु क्रियाकलापसंग संगै नियमित रुपमा लानु पर्दछ ।
- गरीव जनता, महिलाहरु र बढी जोखिममा परेका समूहहरुलाई प्राथमिकताको सूचीमा राख्नु पर्दछ
- जिविकोपार्जनका कठीनाईहरुलाई बुझ्न विश्लेषण गर्नु आवश्यक हुन्छ ।

## चुनौति र अवरोधहरु

- तटिय र समुन्द्री श्रोतहरुमा खुला पहुंचले श्रोतको दोहन हुने र विभिन्न प्राकृतिक श्रोतहरुको उपभोक्ताहरु वीचमा द्वन्द पैदा हुने हुन्छ ।
- सामान्यतया जलचर पालनमा प्रशस्त लगानी गर्नुपर्छ । राम्रो क्षेत्रमा धनी मानिसहरुको पहुंच सजिलोसंग हुन्छ र यि क्षेत्रको विकास गर्दा उनीहरुले नै फाइदा बढी लिन्छन् साथै स्थानीय अधिकारीहरुलाई पनि उनीहरुले बढी प्रभाव पार्दछन् जसको नतिजा गरीव जनताहरु भने प्राकृतिक श्रोत उपरको पहुंचबाट टाढै रहेका हुन्छन् ।
- सरकारले जलचर पालन विकासलाई बढावा दिएतापनि पानीको उपचार वा वातावरणीय संरक्षण नीतिहरु जारी गर्न सकेको छैन ।
- हरियो सिपी, ओष्टार, र समुन्द्री झार आदी वातावरण अनुकुल जलचर उत्पादनको वजार सम्बन्धि जानकारीहरु धेरै नै कम छन् ।
- एकिकृत तटिय क्षेत्र व्यवस्थापनको ज्ञान र सीपको कमी छ ।
- जलचर पालनको वातावरणीय प्रभाव अध्ययन धेरै नै कम छ ।

डा. नगुएन भिएल्ट भिन्ह अन्तराष्ट्रिय समुन्द्री जीव मैत्री, भियतनामका मत्स्य सल्लाहकार हुनुहुन्छ र उहाँको इमेल nwinh@marine.org रहेको छ ।

# ट्रा भिन्ह प्रान्तमा गरिएको सहभागितात्मक गरीवी लेखाजोखाबाट प्राप्त नतिजाको प्रयोग

लि क्वाङ्ग विन्ह

**जन समिति र विश्व बैकसंगको सहभागितात्मक गरीवी लेखाजोखा**

सन् १९९९ को अप्रिलमा वेलायतको अक्सफामले ट्रा भिन्ह प्रान्तका दुइवटा जिल्लाहरु ड्युन हाइ र चाउ थान्हमा सहभागितात्मक गरीवी लेखाजोखा संचालन गरेको थियो । यसको अभिप्राय गरीवहरुको पहिचान गर्ने, उनीहरुले गरीवीलाई कसरी परिभाषित गर्छन्, उनीहरुको प्राथमिकता र कुन सकारात्मक परिवर्तनले मानिसहरुको राम्रो जीवनयापन प्रभाव परिरहेछ भन्ने बुझ्नु रहेको थियो । सहभागितात्मक गरीवी लेखाजोखाको उद्देश्यहरु निम्नाअनुसार थिए ।

- ट्रा भिन्ह र भियतनाममा सरकारी गरीवी निवारण नीतिहरु र रणनीतिहरु, विशेष गरी सरकारी भोकमरी हटाउने र गरीवी घटाउने कार्यक्रममा प्रभाव पार्नु
- वेलायती अक्सफामको गरीवीलाई बुझ्ने र यसको विश्लेषण गर्ने क्षमतालाई बढाउन
- ट्रा भिन्हका जनता र सरकारी अधिकारीहरुमा गरीवीको पाटोहरु र गरीवी निवारणको विभिन्न तौर तरिकाहरुको बारेमा जागरण ल्याउने
- ट्रा भिन्ह प्रान्तमा सबैभन्दा गरीव र जोखिममा परेका समूहहरुका लागि गरीवी घटाउने आयोजनाहरुको विकास गर्ने ।

## केही पत्ता लगाइएका कुराहरु

ट्रा भिन्ह प्रान्तका गरीवीहरु मध्ये छ वटा समूहहरु ज्यादै गरीव र सबैभन्दा बढी गरीवीको जोखिममा परेका भनेर पहिचान गरियो ।

१. सुकुम्बासी जनता, जोसंग उत्पादनशील श्रोतहरु छैनन्  आफ्नो श्रम बेच्नेमा आधारित छन् ।

२. गरीव खमेर जनता, जसको समस्या भनेको भाषिक अवरोध जग्गा विहिन र वाणिज्य र व्यापारमा थोरै सिप छ ।

३. गरीव महिला, जो आफै घरमुली छन् । तीनिहरुलाई सामान्यतया गरिव वा धेरै गरीव भनेर वर्गिकरण गरिन्छ र उनीहरु छिमेकी नातेदारको सहयोगमा धेरै नै आधारित छन् ।

४. भौगोलिक रुपमा छुट्टिएका जनता जसलाई सूचनाको अभाव र पहुंच नै मुख्य अवरोध मानिएको छ ।

५. निरक्षर जनता, जसलाई सरकारी कार्यमा अन्तरक्रिया गर्न कठीनाई रहेको छ ।

६. गरीव वालवालिका, जो किनारतिर धकेलिंदै छन् ,परिवारले विद्यालय शुल्क बुझाउन नसक्दा र परिवारका लागि आय आर्जन गर्नुपर्ने भएकाले ती वालवालिकाले पढाइ छाड्नु परिरहेछ ।

गरिवीका चारवटा कारणहरु पहिचान गरिएको छ ।

**१. आय आर्जनका थोरै अवसरहरु**

**२. वचत गर्न असमर्थता**

**३. जमिन विहिनता**

**४. जोखिमपूर्ण झिंगेमाछापालन क्रियाकलाप**

दुवै अनुसन्धान क्षेत्रहरुमा गरीवहरुको आय आर्जनको मुख्य समस्यामा शशक्त कृषि प्रसार सेवाको अभाव पाइयो गरिव किसानहरुको लागि तालिममा पहुंच मुख्य समस्या थियो । जवकी राम्रो आर्थिक अवस्था भएका कृषकहरुलाई नै तालिममा सहभागी गराउने गराइन्थ्यो । महिलाहरुलाई भने पूर्ण रुपमा तालिममा सहभागी हुन दिइन्थ्यो । शैक्षिक क्षेत्रमा डुमन हाइमा गरीव परिवारका बच्चाहरु कसैले पनि नौ कक्षा भन्दा माथि पढेका थिएनन् र अधिकांशले कक्षा ५ मा नै छाडेका थिए ।

**पत्ता लगाइएको कुराहरुको उपयोग**

राष्ट्रिय स्तरमा यो अध्ययनको नतिजालाई ट्रा भिन्ह एक सहभागितात्मक गरीवी लेखाजोखा का नामले नोभेम्बर १९९९ मा प्रकाशित गरियो । भियतनाम गरिवी आक्रमण नामक रिपोर्ट जसलाई गरिवी कार्य समूहद्धारा जो सरकारी संस्थाहरु, दाताहरु र गैह्रसरकारी संस्थाहरु मिलेर भियतनाममा गरीवी घटाउने कार्य गरिरहेका छन्, ले तयार गर्न यो रिपोर्टको उपयोग गरियो । यो रिपोर्ट सन् १९९९ को डिसेम्बरमा भियतनामको लागि सल्लाहकारको समूहको वैठकमा उपयोग गरियो । यो रिपोर्टमा उठाइएका मुद्धाहरुलाई भियतनाममा बृहत गरीवी निवारण र वृद्धि रणनीतिमा उपयोग गरियो । बृहत गरिवी निवारण र बृद्धि रणनीतिले साधारण उद्देश्यहरु, संस्थागत संरचना नीतिहरु र दशवर्षे समाधान रणनीति र पाँच वर्षे विस्तृत कार्य योजनाको विस्तृतिकरण गऱ्यो । त्यही समयमा आर्थिक विकास, गरीवी घटाउने कार्यमा संलग्न दाताहरु अन्तराष्ट्रिय संस्थाहरु र  गैह्रसरकारी निकायहरुको वीचमा समन्वयात्मक कार्य गर्न यो रिपोर्टको प्रयोग गरियो । यो नै भियतनामको पहिलो डकुमेन्ट हो जसले वृद्धि र गरीवी विचमा अन्तरसम्बन्ध कायम गऱ्यो र यो काम गर्न आवश्यक रणनीतिहरुलाई औल्यायो । अझ बढी वृहत गरिवी निवारण र वृद्धि रणनीतिले सयुक्त राष्ट्रसंघको शताब्दी विकास लक्ष्यहरु तर्फ भियतनामको सचेततालाई दर्शाउंछ ।

प्रान्तिय तहमा सहभागितात्मक गरिवी लेखाजोखा अध्ययन नतिजालाई प्रान्तिय जन समितिहरु र अन्य विभागहरु समक्ष प्रस्तुत गरियो । पत्ता लगाइएका कुराहरुले प्रान्तिय अधिकारीहरुलाई गरीवी र यसका कारणहरु (गरिव जनताको हेराई) बारेमा गहिरोसंग बुझ्न मद्दत गयो । श्रम अपाङ्गता र सामाजिक मामिला विभागले यसलाई गरीवी घटाउने कार्यक्रम र आयोजनाहरुको विकासमा वृहत रुपमा उपयोग गऱ्यो ।

सहभागितात्मक गरीवी लेखाजोखाबाट पत्ता लागेका कुराहरुलाई वेलायती अक्सफाम र यसका सहयोगीहरुले गरिवी घटाउने कार्यक्रम विकास गर्न राम्रोसंग प्रयोग गरे । उदाहरणको  लागि गरीव, महिला र जनजातिका जनताको लागि कृषि प्रसारको विकास सवैभन्दा बढी जोखिममा रहेका समूहरुको गुणस्तरिय कृषि प्रसार सेवामा पहुँच बृद्धि गर्नको लागि गरिएको थियो । यो आयोजनामा निम्न कुराहरु समावेश गरिएका थिए ।

- जन शशक्तिकरणका लागि गाउं तहमा कृषक समूहहरुको गठन गर्ने । गरिव जनतालाई शशक्तिकरण गरेपछि उनीहरु गुणस्तरिय कृषि प्रसार सेवाका साथै आर्थिक र बजार सूचनाहरुको माग गर्न सक्ने हुन्छन् ।
- विकेन्द्रिकरण र सेवा प्रदान कर्ताहरुको विविधिकारणमा जोड दिंदै कृषि प्रसार प्रणालीको क्षमता अभिवृद्धि गर्ने
- बढी गरिवमुखी र लैङ्गिक अवधारणा प्रेरित कृषि प्रसार नीतिहरुमा प्रान्तिय र राष्ट्रिय स्तरमा नीतिगत छलफल चलाउने ।

सुकुम्बासी किसानहरुलाई सहयोग गर्न अकसफामले राष्ट्रिय भियतनाम कृषक युनियनलाई सुकुम्बासीपन अनुसन्धान गर्न र सुकुम्बासी मुद्दामा संचार कार्य गर्न आर्थिक सहयोग प्रदान गऱ्यो । यसले सरकारको ध्यान जग्गा विहिनता मुद्दामा तान्यो । किनकी कृषक संगठनले सरकारी र कम्युनिष्ट पार्टीका विशेष समूहलाई जग्गा कानुनमा पुनर्विचार गर्न र सुकुम्बासी मुद्दामा ध्यान दिन अनुरोध ग–यो ।

अक्सफाम यस मुद्दामा लगातार काम गरिरहनेछ । उसले प्रान्तहरुलाई सुकुम्वासी समस्याहरुलाई दिगो र वास्तविक तवरबाट समाधान गर्ने उपयुक्त उपायहरु पत्ता लगाउन सहयोग प्रदान गरिरहनेछ । “गरिवी निवारणका लागि दिगो प्राकृतिक श्रोतहरुको व्यवस्थापन“को विकास तटिय क्षेत्रको व्यवस्थापन गर्न र मुसेल उत्पादनबाट फाइदा लिन सुकुम्बासी किसान र साना मछुवारहरुलाई सहयोग गर्न गरिएको हो । यस आयोजनाको उद्देश्य स्थानीय र राष्ट्रिय अधिकारीहरुलाई सहयोग गर्न गरिएको हो । यस आयोजनाको उद्देश्य स्थानिय र राष्ट्रिय अधिकारीहरुलाई स्थानिय गरिव जनतालाई उपलब्ध श्रोतहरु वांडफांड गर्न र उनीहरुको प्राकृतिक श्रोत उपरको पहुंचलाई सुनिश्चितता प्रदान गर्न वकालत गर्नु रहेको छ । गुणस्तरिय प्राथमिक शिक्षा प्रवर्द्धनको उद्देश्य गरीवीमा वांचेका सवै वच्चाहरुका लागि गुणस्तरिय आधारभूत शिक्षामा उनीहरुको अधिकार स्थापित गर्नु रहेको छ । यो उद्देश्य प्राप्तिका लागि  निम्न रणनीतिहरु अवलम्बन गरिएका छन् ।

१. प्राथमिक शिक्षामा गरीव अभिभावकको आर्थिक योगदान हटाउने ।

२. सिकाईको नतिजामा सुधारात्मक प्रबर्द्धनका लागि केन्द्रित तरिकाहरु ग्रहण गर्ने ।

३.राष्ट्रिय मापदण्डमा आधारित रहेर प्राथमिक शिक्षालाई चाहिंदो श्रोत उपलब्ध गराउने ।

४. शैक्षिक निर्णय प्रक्रियामा परिवार र समुदायलाई सहभागी गराउने ।

**निष्कर्ष**

कुनै पनि अनुसन्धान वा लेखाजोखाको नतिजालाई विभिन्न उद्देश्यले विभिन्न तहमा प्रयोग गर्न सकिन्छ भन्ने कुरा स्पष्ट नै छ । गरिब जनता, महिला र जनजाती समूहको पक्षमा नीतिहरुको परिवर्तन गराउन यसलाई उनीहरुले जनमत सृर्जना गर्न प्रयोग गर्न सक्छन् । गरीव जनताहरुको लागि गरिवी निवारणका कार्यक्रमहरु तयार गर्न स्थानीय अधिकारीहरुलाई गरिवीका कारणहरुवारे राम्रोसंग बुझ्न यसको उपयोग गर्न सकिन्छ । अनुसन्धान र लेखाजोखा प्रक्रियाहरुले गरीव जनताको गरिवीको कारणहरु र यसको समाधान बारेमा चेतना बृद्धिमा सहयोग पुग्दछ ।

ट्रा भिन्हमा गरिएको सहभागितात्मक गरिवी लेखाजोखाको सन्दर्भमा वेलायती अकसफामले पहिचान गरिएका गरिवीका कारणहरुलाई समेट्ने गरि गरीव र जोखिममा रहेका समूहहरुका लागि विभिन्न आयोजनाहरु निर्माण गरेको छ । यी आयोजनाहरुमा नीति र अभ्यासमा परिवर्तन ल्याउन सिधै सहयोग र जनमत सृर्जना तथा संचार कार्य दुवै समावेश गरिएको छ । श्रोतहरुको उपयोग प्रभावकारी र राम्रोसंग प्रयोग गर्ने र सबैभन्दा गरीव र जोखिममा रहेका समूहहरुको आवाज सुन्ने र प्रतिक्रिया व्यक्त गर्ने गरि विभिन्न रणनीतिहरु ग्रहण गरिएका छन् ।

**लि क्वाङ्गविन्ह, ट्रा भिन्ह प्रान्तका लागि वेलायती अकसफामका कार्यक्रम अधिकृत हुन् । उनको इमेल**
LQBinh@oxfam.org.uk.

# स्ट्रिम जर्नल वारे

प्रकाशितः स्ट्रिम -क्षेत्रीय जलचर श्रोतको व्यवस्थापनका लागि सहयोग
एशिया-प्यासेफिक नेटवर्क अफ एक्वाकल्चर सेन्टर ( नाका ) सचिवालय
सरस्वतीभवन
मत्स्य विभाग परिसर
केसेटसार्ट विश्वविद्यालय
लाड्यो जाटुनेक बैंकक १०९०३
थाइल्याण्ड

**सम्पादक मण्डल :**

ग्राम हेलर -स्ट्रिम निर्देशक
लि थान्ह ल्यू-स्ट्रिम राष्ट्रिय कोओर्डिनेटर, भियतनाम
विलियम स्याभेज - स्ट्रिम संचार विशेषज्ञ
थाय सिमोनी- स्ट्रिम राष्ट्रिय कोओर्डिनेटर, कम्वोडिया
सोनिअ सेभिल्ली - स्ट्रिम राष्ट्रिय कोओर्डिनेटर, फिलिपिन्स

## उद्देश्यः

यो स्ट्रिम जर्नल जलचर श्रोतको उपयोग गरि आफनो जीवन पद्दति चलाइरहेका एशिया प्रशान्त क्षेत्रका गरीवहरुलाई प्रभावित गर्ने सहभागीता, संचार र नीतिहरुको प्रवर्द्धन गर्ने उद्देश्यले त्रैमासिक रुपमा प्रकाशित भैरहेको छ। यसको अर्को उद्देश्य यस क्षेत्रमा जलचर श्रोत व्यवस्थापन र अन्य क्षेत्र वीचमा अन्तर सम्बन्ध कायम गराउने हो। स्ट्रिम जर्नलले सिमित श्रोतहरु भएका विशेष गरि जलचर श्रोत व्यवस्थापनसंग जीवन पद्दति गाँसिएका जनतासंग सम्बन्धीत मुद्दाहरु रस मुदायमा कार्यरत सरकारी, गैहसरकारी र अन्तराष्ट्रिय कार्यकर्ताहरुसंग काम गर्ने मुद्दाहरुलाई समेटदछ। यस्ता मुद्दाहरुमा सिकाई, द्धन्द्ध व्यवस्थापन, कानुनी व्यवस्था, जीवन पद्दति, लैङ्गिक, सहभागिता, सरोकारवालाहरु र संचार रहेका छन्।
यसको अर्को महत्वपूर्ण उद्देश्यमा शैक्षिक क्षेत्रमा उपयोगी सामाग्रीहरु जुन क्षेत्रगत विषय विशेषज्ञहरुद्धारा तयार गरिएका हुन्छन्, लाई समेटनु पनि हो। यसले कुनै संघ संस्थाको अवधारणलाई भन्दा व्यक्तिगत अनुभवमा तयार गरिएका धारणाहरुलाई प्राथमिकता दिई समेटदछ। यसमा छापिने लेखहरुको विषय बस्तुको जिम्मेवारी लेखकको भए पनि त्यसमा सम्पादक समूहले केही हेरफेर र सुधार गर्न सक्दछ।

## वितरणः

स्ट्रिम जर्नल तिन रुपमा पाठकहरु समक्ष पुग्दछ :
१. इलेक्ट्रोनिक रुपमा जसलाई स्ट्रिमका संचार केन्द्रहरुले छपाई गरि वितरण गर्न सक्छन्
२. स्ट्रिम वेवसाइट www.streaminitiative.org बाट डाउनलोड गरि हेर्न सकिने
३. छापिएको अवस्थामा नाकाको सचिवालयबाट वितरण गरिने

## योगदान :

जलचर श्रोतहरुको उपयोग कर्ता र उनीहरुसंग काम गर्नेहरुले आ-आफना लेखहरु पठाएर यस जर्नलमा योगदान गर्न सक्नु हुन्छ। त्यसै गरि समुदायमा कार्यरत समकक्षी संघ संस्थाका साथीहरुलाई पनि आ-आफना लेखहरु पठाई सहयोग र योगदान गर्नु हुन अनुरोध गरिन्छ।
लेखहरु साधारण अग्रेजी भाषामा एक हजार शब्दमा नबढाई लेखिएको हुनु पर्दछ।
लेखहरु यस जर्नलका सम्पादक विलियम साभेजलाई इमेल savage@loxinfo.co.th मा पठाउन सकिन्छ।

## बढी जानकारीका लागि सम्पर्क :

ग्राम हेलर ( Graham Haylor) -स्ट्रिम निर्देशक
इमेल : ghaylor@loxinfo.co.th

# स्ट्रिम वारे

क्षेत्रीय जलचर श्रोतहरुको व्यवस्थापनमा सहयोग (स्ट्रिम)को नेतृत्वदायी कार्यको प्रारम्भ जलचर श्रोतहरुको संजाल केन्द्र, एशिया प्रशान्त क्षेत्रको निश्चित पाँच बर्षे कार्यक्रम चक्र भित्र रही कार्य गर्ने गरि गरिएको हो ।यसका मुख्य उद्देश्यहरु जलचर क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरुलाई निम्न कार्यहरुमा सहयोग पुऱ्याउनु हो ।

- भैरहेका र प्राप्त हुने सूचनाहरुको बढी शशक्त रुपमा उपयोग गर्न
- गरीव जनताको जीवन निवार्ह पद्दतिलाई राम्रोसंग बुझ्न र
- गरीव जनतालाई उनीहरुको जीवन निवार्ह पद्दतिमा प्रभाव पार्ने नीति र बिकास प्रक्रियाहरुमा बढी सहभागी हुनु र प्रभाव पार्न सहयोग पुऱ्याउन

नीति र प्रक्रिया बिकासमा संलग्न संस्थाहरुलाई सहयोग र उनीहरुको निम्न कार्य गर्न क्षमता अभिबृद्धि गरि स्ट्रिमले यी माथिका उद्देश्यहरु पूर्ति गर्दछ ।

- गरीव जनताको जीवन पद्दतिमा प्रभाव पार्ने जलचर श्रोतहरुको व्यवस्थापनका मुद्दाहरु पहिचान गर्न
- विभिन्न व्यवस्थापन पद्दतिहरुको अनुगमन र मुल्यांकन गर्न
- सूचना र जानकारीहरु बढाउन र
- सोही क्षेत्र र अन्तर क्षेत्र र देशहरु वीच सूचना संजालको निमार्ण गर्न

नाका (*NACA*)लाई सहयोग गरिरहेका विभिन्न सहयोगी (AusAID, DFID, FAO, VSO) हरुको सहयोगमा नै स्ट्रिमको गतिविधिहरु संचालित भैरहेका छन् ।यसले अपनाएको पद्दतिमा जलचर श्रोतहरुको व्यवस्थापनमा संलग्न सरोकारवालाहरु वीचमा सम्बन्ध कायम गराउने र उनीहरुलाई स्ट्रिमले चाहे जस्तो कार्य तर्जुमा, कार्यान्वयन र व्यवस्थापनमा गर्नमा सहयोग अभिबृद्धि गर्ने रहेकोछ ।

स्ट्रिमले कार्य गरेका देशहरुमा साझेदारहरुको कार्यको समन्वय राष्ट्रिय समन्वय दल, जसमा त्यहाँको सरकारले स्विकार गरेका एक जना सिनियर अफिसर राष्ट्रिय समन्वय कर्ता र संचार केन्द्र व्यवस्थापक हुन्छन्, ले गर्दछ र यसले स्थानीय सरोकारवालाहरुसंग पनि सम्बन्ध कायम गर्दछ । संचार केन्द्रका लागि आवश्यक सामाग्रीहरु, सफटवायर, तालिम सूचना प्रविधि सहयोग, संजाल निमार्ण, मानवीय संसाधन विकास र इन्टरनेटमा आधारित क्षेत्रीय संजाल भित्रका राष्ट्रिय सरोकारवालाहरुसंग अन्तरसम्बनध कायम गर्न सहयोग गरिन्छ ।

राष्ट्रिय समन्वय दलले हरेक वर्ष राष्ट्रिय सरोकारवालाहरुसंग परामर्श गरि तयार गरेको राष्ट्रिय रणनीति पत्रको पुर्नः मुल्यांकन गर्दछ र आवश्यक परिमार्जन गर्दछ । राष्ट्रिय रणनीति पत्रले मुख्य मुद्दाहरु पहिचान गर्ने, क्षेत्रीय सम्बन्धलाई प्रकाश पार्ने, उद्देश्यहरु र मुख्य गतिविधिहरुमा प्राथमिकता दिने र स्ट्रिम र वाह्य श्रोतहरुबाट कोष जुटाउने कार्यमा सहयोग गर्दछ ।

स्ट्रिमको क्षेत्रीय कार्यालय, जुन नाकाको सचिवालय बैंककमा रहेको छ, ले क्षेत्रीय समन्वयको काम गर्दछ । यसका साथै कोष व्यवस्थापन र जीवन पद्दति, नीति निमार्ण, संचार र अन्य विशेष मुद्दाहरु वारे एक आपसमा अध्ययन र व्यवस्थापन गर्दछ । संचारले अन्तरक्रिया, अनुभवबाट सिकाई र साझेदारहरुका गतिविधि सम्बन्धमा सम्पर्क कायम गराउदछ ।

स्ट्रिमको कार्यान्वयन चाही गर्दै सिक्दै गर्ने प्रक्रिया अन्तरगत प्रथम चरणमा कम्वोडिया र भियतनाममा लागु गरिएको छ । यसको विस्तार चाँही गरीवी निवारण लागि कार्य गर्न सकिने उपयुक्त अवस्था भएका एशिया-प्रशान्त क्षेत्रका देशहरुमा गरिन्छ । ती क्षेत्रमा हासिल हुने अनुभव, सिकिने पाठ, प्रभावको प्रदर्शन र थप कोषको व्यवस्था अनुसार सुशासनलाई प्रोत्साहन हुने गरि कार्य गरिने छ । स्ट्रिमको संचार रणनीतिको उद्देश्य वर्तमान ज्ञान र विशेषज्ञताको परिवर्तित प्रक्रिया अनुसार क्षेत्रीय स्तरमा आदन प्रदान गराउने, अनुभवहरु साटासाट गर्ने र एशिया प्रशान्त क्षेत्रमा यसका प्रभावलाई विस्तार गर्ने रहेको छ । स्ट्रिम जर्नल र वेबसाइटमा भएको छलफल मञ्च नै यो रणनीतिलाई सहयोग गर्ने मुख्य अंग हुन् ।

स्ट्रिम राष्ट्रिय संचार केन्द्र व्यवस्थापकहरु


कम्वोडिया- सिम भिऱ्याक ( cfdo@camnet.com.kh)
भियतनाम - नग्यूएन सोङ्ग हा ( nguyensongha@fpt.vn)
नेपाल - निलकण्ठ पोखरेल ) agroinfo@wlink.com.np)
फिलिपिन्स - इलिजावेथ गोन्जालेस (streambfar-phil@skyinet.net)